Om Megashree
-PHARMACEUTICALS-
your health, our concern

OM MEGASHREE PHARMACEUTICALS LIMITED
Corporate Office: Thapagau, Kathmandu Metropolitan City-10
Kathmandu Nepal, Phone No.: +977-01-5244310
Factory: Jugedi, Bharatpur Metropolitan City-29, Chitwan, Nepal

च.नं.: २४९।०८३।८४

मिति : २०८३/०८/०६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यूएनआई शान्ति मार्ग, भद्रकाली–काठमाडौँ
नेपाल।

विषय : ११औँ वार्षिक साधारणसभा तथा शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) सम्बन्धमा।

प्रस्तुत विषय सन्दर्भमा यस ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको मिति २०८३/०८/०४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको आ.व. २०८२/८३ को ११औँ वार्षिक साधारणसभा तथा संस्थापक शेयरधनी समूहबाट सञ्चालक निर्वाचन र सो प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) हुने विवरण देहायबमोजिम जानकारी गराउँदछौँ।

११औँ वार्षिक साधारणसभा तथा सञ्चालक निर्वाचन

मिति : २०८३ साल मंसिर २६ गते शनिवार (तदनुसार १२ डिसेम्बर २०२६)

समय : बिहान ९:१५ बजे

स्थान : भरतपुर महानगरपालिका, वडा नं. २९, जुगेडी, चितवन (कम्पनीको उद्योग परिसर)

शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close)

मिति : २०८३/०८/१५ गते एक दिनका लागि।

उक्त प्रयोजनका लागि मिति २०८३/०८/१४ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर नामसारी कारोबार सम्पन्न भई शेयर रजिष्ट्रारबाट प्राप्त शेयरधनी नामावलीमा समावेश भएका शेयरधनीहरूले मात्र साधारणसभामा सहभागी हुन तथा निर्वाचनमा मतदान गर्न पाउनेछन्। साधारणसभाको सूचना मिति २०८३/०८/०५ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन भइसकेको तथा दोस्रो सूचना २०८३/०८/०७ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने तथा कम्पनीको आधिकारिक वेबसाइटमा राख्ने निर्णय भएको छ।

अतः उपर्युक्त विवरण अभिलेख गरी आवश्यक जानकारी तथा कारबाहीका लागि अनुरोध गर्दछौँ।

Om Megashree Pharmaceuticals Limited * Nepal * Kathmandu

भवदीय,

अर्जुन कुमार श्रेष्ठ
सञ्चालक अध्यक्ष
ओम मेगाश्री फर्मास्युटिक्स लिमिटेड

संलग्न कागजात

१. ११औँ वार्षिक साधारणसभाको सूचना।

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।
२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाडौँ।
३. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौँ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँ।

Om Megashree -Pharmaceuticals- your health, our concern

ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड
Om Megashree Pharmaceuticals Limited

रजिस्टर्ड कार्यालय : काठमाण्डौं महानगरपालिका, वडा नं. १०, नयाँ वानेश्वर काठमाण्डौं, नेपाल
फोन नं.: ०१-५२४४३१० इमेल : info@ommegashreepharmaceuticals.com
वेभसाइट: www.ommegashreepharmaceuticals.com

वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०८।०५)

आदरणीय शेयरधनी महानुभावहरू,

यस ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको मिति २०८३।०८।०४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८२/८३ को ११औँ वार्षिक साधारणसभा तथा संस्थापक शेयरधनी समूहबाट सञ्चालक निर्वाचन निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

(क) वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:

मिति: २०८३ साल मङ्सिर २६ गते शनिवार (तदनुसार १२ डिसेम्बर २०२६)।

समय : बिहान ९:१५ बजे।

स्थान : भरतपुर महानगरपालिका, वडा नं. २९, जुगेडी, चितवन (कम्पनीको उद्योग परिसर)

(ख) छलफलका विषयहरू:

(अ) साधारण प्रस्तावहरू:

१. वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

२. लेखा परीक्षकको प्रतिवेदनसहित कम्पनीको आ.व. २०८२/८३ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरूसहितको वित्तीय विवरण पारित गर्ने सम्बन्धमा।

३. कम्पनीको आ.व. २०८३/८४ का लागि लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

४. संस्थापक शेयरधनी समूहबाट ४ (चार) जना सञ्चालकको निर्वाचन सम्बन्धमा।

(आ) विशेष प्रस्तावहरू:

१. ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले रोयल फर्मास्युटिकल्स लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा।

(क) रोयल फर्मास्युटिकल्स लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक समझदारीपत्र (Memorandum of Understanding) तथा सोको संशोधन, प्राप्ति समितिको गठन, स्वतन्त्र मूल्याङ्कनकर्ता S.R. Pandey & Co., Chartered Accountants तथा कानुनी सल्लाहकारको नियुक्ति, उक्त मूल्याङ्कनकर्ताले तयार गरेको सम्पत्ति, दायित्व तथा व्यवसायको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), अन्तिम सहमतिपत्र (Scheme of Arrangement) लगायतका सम्पूर्ण काम कारबाही अनुमोदन गर्ने सम्बन्धमा।

(ख) मिति २०८३/०८/०४ मा बसेको सञ्चालक समितिको बैठकबाट अनुमोदित शेयर आदानप्रदान अनुपात बमोजिम रोयल फर्मास्युटिकल्स लिमिटेडको १ (एक) कित्ता शेयर बराबर सो कम्पनीका शेयरधनीलाई ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको ०.५७४४ कित्ता (१ : ०.५७४४) शेयर प्रदान गरी रोयल फर्मास्युटिकल्स लिमिटेडलाई प्राप्ति (Acquire) गर्ने सम्बन्धमा।

(ग) विशेष प्रस्ताव नं. १ (क) र (ख) बमोजिम रोयल फर्मास्युटिकल्स लिमिटेडलाई प्राप्ति गर्ने तथा कम्पनीका अन्य आवश्यक संस्थागत व्यवस्थाका लागि प्रबन्धपत्र तथा नियमावलीका सम्बन्धित प्रावधानमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

२. उल्लिखित प्रस्तावहरूको कार्यान्वयनका सिलसिलामा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयबाट कुनै विषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो कार्यहरू गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

(इ) विविध।

वार्षिक साधारण सभासम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारणसभा तथा सञ्चालक निर्वाचन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहने मिति २०८३।०८।१५ हुने छ। उक्त प्रयोजनका लागि मिति २०८३।०८।१४ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर नामसारी कारोबार सम्पन्न भई शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेडबाट प्राप्त नामावलीमा उल्लेखित शेयरधनीहरूले मात्र यस साधारणसभामा सहभागी हुन तथा निर्वाचनमा मतदान गर्न पाउने छन्।

२. साधारणसभा तथा सञ्चालक निर्वाचनमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र वा हितग्राही नं. तथा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूले उपस्थिति पुस्तिकामा दस्तखत गर्नका लागि शेयरधनी उपस्थिति पुस्तिका साधारणसभा सुरु हुने १ घन्टा अगाडिबाट खुला गरिने छ।

४. साधारणसभा तथा सञ्चालक निर्वाचन कार्यक्रममा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं महानगरपालिका–१०, नयाँ बानेश्वरमा दर्ता गराइसक्नुपर्ने छ। कम्पनीको शेयरधनीबाहेक अरूलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन; यसरी दिइएको प्रोक्सी बदर हुने छ।

५. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा पहिले दिएको प्रतिनिधिपत्र बदर गरी नयाँ प्रतिनिधिपत्रलाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्रसहित प्रोक्सी फाराम सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधि स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधिलाई मान्यता दिइने छ।

६. प्रतिनिधि नियुक्त गरिसकेका शेयरधनी आफैँ सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ।

७. एकभन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेका शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएका महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नुहुने छ।

९. सङ्गठित संस्थाका शेयरधनी भएमा त्यस्ता सङ्गठित संस्थाद्वारा मनोनीत व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत र सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि हुनुपर्ने छ।

१०. शेयरधनी महानुभावहरूले छलफलका विषयहरूमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक भएमा छलफल व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनुभन्दा कम्तीमा सात दिन अगावै कम्पनी सचिवमार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा जानकारी दिनुहुन अनुरोध छ।

११. शेयरधनी महानुभावहरूले राखेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजबाट तोकिएको प्रतिनिधिबाट जवाफ दिइने छ।

१२. सञ्चालक निर्वाचन गर्ने प्रयोजनका लागि कम्पनीको सञ्चालक निर्वाचन निर्देशिकाबमोजिम सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृतद्वारा उम्मेदवारी दर्ता, छानबिन, दाबी–विरोध र निर्वाचनसम्बन्धी विस्तृत कार्यतालिका पछि प्रकाशन गरिने छ।

१३. सञ्चालक निर्वाचनमा उम्मेदवार हुन इच्छुक संस्थापक शेयरधनी महानुभावको नाम तथा शेयर सङ्ख्या कम्पनीको शेयर रजिष्ट्रारले उपलब्ध गराएको निर्वाचन प्रयोजनको मतदाता नामावलीमा समावेश भएको हुनुपर्ने छ। निर्वाचन पद्धति कम्पनीको नियमावली र निर्वाचन निर्देशिका अनुसार हुने छ।

१४. कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा लेखा परीक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरूले कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा निरीक्षण गर्न तथा प्रतिलिपि प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। साथै सो सम्बन्धी जानकारी यस कम्पनीको आधिकारिक वेबसाइट www.ommegashreepharmaceuticals.com मा हेर्न सकिने छ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव